# सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था

सुकुना बहुमुखी क्याम्पसको योजना अनुसार संस्थागत व्यवस्थापनमा सुधारका लागि अवस्था पहिचान गरी उपाय सुझाउने प्रयोजनका लागि प्रस्तुत

## सर्भे प्रतिवेदन


**प्रस्तोता**

उमादेवी गुरागाईं

उपप्राध्यापक


**प्रस्तुत**


अनुसन्धान व्यवस्थापन एकाइ

सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

२०७९

**विषयसूची**

## परिच्छेद एक
## परिचय

१.१ परिचय ... ५

१.२ समस्या कथन ... ७

१.३ सर्भेको उद्देश्य ... ८

१.४ सर्भेसँग सम्बन्धित प्रश्नहरू ... ८

१.५ सर्भेको महत्त्व ... ९

१.६ सर्भेको सीमाङ्कन ... १०

१.७ सर्भेको रूपरेखा ... १०

## परिच्छेद दुई

## विधि र प्रक्रिया

२.१ सर्भेविधि ... ११

२.१.१ सर्भेको ढाँचा ... ११

२.१.२ तथ्याङ्क सङ्कलनका स्रोत ... ११

२.१.२.१ प्राथमिक स्रोत ... ११

२.१.२.२ द्वितीय स्रोत ... ११

२.१.३ तथ्याङ्क सङ्कलनका साधनहरू ... ११

२.१.४ नमुना छनौट विधि तथा प्रक्रिया ... ११

२.१.५ तथ्याङ्क सङ्कलन विधि तथा प्रक्रिया ... १२

२.१.६  तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया ................................. १२

## परिच्छेद तीन

## नतिजाको व्याख्या एवम् विश्लेषण

३.१ सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था .................... १३

३.१.१ शौचालयको सङ्ख्या सम्बन्धी विवरण २०७९ ................................ १३

३.१.२ विद्यार्थीको सङ्ख्या सम्बन्धी विवरण २०७९ ................................ १४

३.१.३ शिक्षक, कर्मचारी तथा चमेनागृह सञ्चालकको सङ्ख्या सम्बन्धी विवरण २०७९ ........................................................................ १५

३.१.४ सुकुना क्याम्पसमा शौचालयको प्रकृति(बनावट) ............................ १६

३.१.५ शौचालय सरसफाइको अवस्था सम्बन्धी विवरण ............................ १७

३.१.६ सुकुना क्याम्पसमा अवस्थित शौचालयको भौतिक अवस्था सम्बन्धी विवरण ...... १८

३.१.७ सेनिटरी प्याडको उपलब्धता सम्बन्धी विवरण २०७९ ..................... १९

३.१.८ सेनिटरी प्याडको व्यवस्थापन सम्बन्धी विवरण ............................ २०

३.१.९ शौचालयमा पानीको व्यवस्था सम्बन्धी विवरण ............................. २१

३.१.१० शौचालयमा साबुनको व्यवस्था सम्बन्धी विवरण .......................... २१

३.१.११ शौचालय सरसफाइ गर्ने तरिका सम्बन्धी विवरण ....................... २२

३.१.१२ क्याम्पस प्रशासनको ध्यानाकर्षण सम्बन्धी विवरण. ..................... २३

३.१.१३ प्रयोगकर्ताबाट हुने लापर्बाही सम्बन्धी विवरण .......................... २४

३.१.१४ प्रयोगकर्तामैत्री(अपाङ्ग र महिलामैत्री) शौचालय सम्बन्धी विवरण..... २५

३.१.१५ शौचालय तथा सरसफाइको सुधारका लागि आएका सुझाव............. २५
३.२ प्राप्ति ........................................................................ २६

## परिच्छेद चार

## सारांस, निष्कर्ष तथा सुधारका लागि सुझावहरू

४.१ सारांस ........................................................................ २८
४.२ निष्कर्ष ........................................................................ २८
४.३ सुझावहरू ........................................................................ २९
सन्दर्भसामग्री सूची ........................................................................ ३०

# परिच्छेद एक
# परिचय

## १.१ परिचय

प्रस्तुत सर्भेको शीर्षक *सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था* रहेको छ । सुकुना क्याम्पस वि.सं २०४८ मा मानविकी तथा सामाजिकशास्त्र सङ्कायको प्रमाणपत्र तहबाट सुकुना मा. वि.मा आरम्भ भएको हो । तराई खण्डको प्रदेश नं. एकमा अवस्थित यो क्याम्पसले मुलुकको सामुदायिक क्याम्पसहरूमध्ये आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ । साथै गुणस्तरीय शिक्षाका लागि जनसमुदायको रोजाइको क्याम्पस बनिरहेको देखिन्छ । यहाँ प्रविणता प्रमाणपत्र तहमा मानविकी, व्यवस्थापन, शिक्षा तथा विज्ञान सङ्काय, स्नातक तहमा शिक्षा, यसमा सेमेस्टर प्रणाली अन्तर्गत ICTE का विषयहरू र व्यवस्थापनमा बि. बि. ए. कार्यक्रमसमेत रहेका छन् । त्यसैगरी यस तहमा विज्ञान र मानविकी सङ्काय एवम् स्नातकोत्तर तहमा शिक्षा र व्यवस्थापन सङ्कायका कार्यक्रमहरू सञ्चालित रहेका छन् । कार्यक्रमिक रूपमा अध्ययन गर्दा यो क्याम्पस विभिन्न शैक्षिक कार्यक्रमहरूको सङ्गमस्थल बन्न पुगेको देखिन्छ ।

वि.सं २०७२ भाद्र ३ गते विश्वविद्यालय अनुदान आयोग (UGC )नेपालबाट गुणस्तरीय सुनिश्चितता तथा प्रत्यायन (QAA: Quality Assurance and Accreditation) प्राप्त गरी हाल UGC कै उच्च शिक्षा सुधार योजना (HERP: Higher Education Reform project ) भित्र रही कार्य गर्दै आएको छ । यहाँ मानविकीदेखि स्नातकोत्तर तहसम्म विभिन्न सङ्कायका कार्यक्रमहरू सञ्चालित छन् । शिक्षाशास्त्र अन्तर्गत चार वर्षे स्नातक तहमा मूल र सहायक विषयका रूपमा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, जनसङ्ख्या शिक्षा, अर्थशास्त्र, स्वास्थ्य शारीरिक शिक्षा र शैक्षिक योजना तथा व्यवस्थापन विषयलाई पनि माइनर विषयका रूपमा सञ्चालित गरिँदै आइएको छ । त्यसैगरी स्नातकोत्तर तहमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली, अङ्ग्रेजी, गणित, शैक्षिक योजना तथा व्यवस्थापन, पाठ्यक्रम योजना र अभ्यास, स्वास्थ्य शिक्षा र जनसङ्ख्या शिक्षा तथा व्यवस्थापनतर्फ स्नातकोत्तर तहमा त्यस सङ्कायका लागि तोकिएका सबै विषयहरू अनिवार्य रूपमा शिक्षण गरिँदै आइएको छ ।

स्थापना कालदेखि आजसम्म आइपुग्दा यस क्याम्पसका नाममा लगभग पाँच बिगाहा जमिन, कम्पाउन्ड वालले घेरिएको क्षेत्रभित्र क्याम्पसको शिक्षण भवन लगायतका अन्य भवनहरू, साइकल तथा मोटर साइकल स्टेण्ड, बास्केटबल कोर्ट, टेबल टेनिस हल, फुटबल तथा भलिबल मैदान, सरस्वतीको मन्दिर, सम्मान स्मारक, पुष्प वाटिका, रजत महोत्सव स्तम्भ जस्ता भौतिक संरचना रहेको देखिन्छ । यसका साथै प्रत्येक भवनको प्रत्येक तलामा छात्र तथा छात्रा शौचालय छुट्टाछुट्टै र प्रत्येक तलामा चिस्यानसहितको शुद्धीकरण गरिएको खानेपानीको पनि व्यवस्था गरिएको देखिन्छ ।

मानव मलमुत्रको सुरक्षित व्यवस्थापन गर्ने स्थानलाई शौचालय भनिन्छ। यसलाई मानव जीवनकै अभिन्न पक्षका रूपमा लिइन्छ। मानिसले खाएको खाना दिसापिसाबको रूपमा बाहिर निस्कन्छ र यसको उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ। यही मानव फोहरलाई व्यवस्थापन गर्न शौचालय आवश्यक हुन्छ। शौचालयको अभावमा दिसापिसाबको विर्सजन गर्न सकिंदैन। यसको व्यवस्थापन नभएको खण्डमा दुर्गन्ध फैलिएर मानव स्वास्थ्यमा हानी पुग्छ। जताभावी खुल्ला ठाँउमा दिसापिसाब गर्नाले हावामा कीटाणु फैलिने र यसले हैजा, टाइफाइड जस्ता रोगको संक्रमण हुन सक्छ। जसले मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउँछ। यस्ता अनेकौं रोगबाट बच्न पनि खुल्ला ठाउँमा दिसापिसाब गर्नु हुँदैन। अझै पनि कतिपय स्थानमा खुल्ला ठाँउमा दिसापिसाब गर्ने गरेको देखिन्छ। झाडापखाला लाग्नुको एउटा कारण असुरक्षित चर्पी प्रयोग पनि हो। हाम्रो देशको विभिन्न भागमा अहिले पनि शौचालयको अभाव देखिन्छ। दिसापिसाब गर्नका लागि मानिसले रातलाई पर्खनुपर्ने, अँध्यारोमा दिसापिसाब गर्न खुल्ला ठाउँमा जाँदा सर्पले डसेर मानिसको मृत्यु हुने साथै महिला तथा बालिका बलात्कृत हुने समस्या पनि देखिएको छ। यी सबै समस्याको समाधानका लागि शौचालय आवश्यक देखिन्छ।

दिसापिसाब गरिसकेपछि त्यसको व्यवस्थापन गर्न सकेको खण्डमा धेरै रोगको रोकथाम गर्न सकिन्छ। मानिसको एक ग्राम दिसामा एक करोड भाइरस, दश लाख व्याक्टेरिया र हजार भन्दा बढी परजीवीका फुल तथा सिस्टहरू हुन्छन् (बुढाथोकी, २०७०, पृ. १८५)। खुल्ला ठाउँमा जाहाँतहीँ दिसा गर्दा पानी, खाना तथा सागपात प्रदूषित हुन्छ। त्यसैले मानव स्वास्थ्यमा नकरात्मक असर पार्ने तत्त्वलाई न्यूनिकरण गर्नका लागि खुल्ला ठाउँमा दिसापिसाब गर्न बन्द गरी सबैले शौचालयमा दिसापिसाब गर्नुपर्दछ। झाडापखाला लाग्नुको कारणहरूमध्ये एउटा प्रमुख कारण असुरक्षित चर्पी प्रयोग पनि हो। जताभावी खुल्ला ठाउँमा दिसापिसाब गर्दा मानिसमा विभिन्न रोगको संक्रमण हुने भएकाले शौचालय तथा सरसफाइ नेपाल सरकारको एक उच्च प्राथमिकता प्राप्त क्षेत्र बनेको छ। नेपालको संविधानले शौचालय तथा सरसफाइलाई जनताको मौलिक अधिकारका रूपमा परिभाषित गरेको देखिन्छ। सबै नेपालीलाई स्वच्छ र सफा शौचालयको सहज व्यवस्था गर्ने प्रण नेपाल सरकारले संवैधानिक तवरले नै गरेको पाइन्छ। नेपाली जनतालाई स्वच्छ र सफा वातवरणमा बाँच्न पाउने अधिकारको प्रत्याभूति पनि नेपाल सरकारले संवैधानिक रूपमा नै गरेको देखिन्छ। यसै अनुरूप सरकारले शौचालय तथा सरसफाइका कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गर्ने क्रममा वि.सं.२०७६ असोज १३ गते खुला दिसामुक्त राष्ट्र घोषणा गरिसकेको छ (नेपाल सरकार खानेपानी मन्त्रालय, २०७६)।

शौचालय स्वच्छ र सफा पनि हुनुपर्दछ। सबै नेपालीलाई स्वच्छ र सफा वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न सरकारले शौचालय तथा सरसफाइका कार्यक्रमलाई उच्च प्राथमिकता दिएको देखिन्छ। सुरक्षित स्थानमा लैङ्गिक तथा अपाङ्गमैत्री(२५ छात्रा र ४० छात्रहरूको अनुपातमा) पर्याप्त पानी सहितको शौचालयको सुविधासहित दिसा, पिसाबको उचित निकासको व्यवस्था हुनुपर्छ भन्ने कुरा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ मा उल्लेख गरिएको

छ । अहिले बदलिदो परिस्थितिमा मानवीय आवश्यकताहरू समयचक्रसँगै फेरबदल भइरहेको छ । जसले गर्दा स्वास्थ्यलाई प्रभाव पार्ने शौचालय तथा सरसफाइमा पनि परिवर्तन हुनुपर्ने देखिन्छ । मानवजीवन कै अभिन्न पक्षका रूपमा रहेको शौचालय प्रयोगकर्तामैत्री, वातावरणमैत्री, युरिनल तथा पानीसहितको धारा भएको हुनुपर्छ भन्ने आवाज उठिरहेको छ । १९ प्रतिशतमा पुरुष र महिलाका लागि छुट्टाछुट्टै शौचालय तथा महिनावारी सम्बन्धी ससफाइको सुविधा नरहेको तथ्याङ्क रहेको छ (विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४) ।

शौचालयको उचित व्यवस्थापन नभएको खण्डमा स्वास्थ्यलाई नराम्रो असर पुग्ने देखिन्छ । यसको संरक्षण तथा सरसफाइले विभिन्न प्रदुषण निराकरण गरेर जीवन सुखी र स्वास्थ्य बनाउन सकिन्छ । त्यसैले आजैदेखि आफ्नो घर, संघसंस्था, सार्वजनिक स्थलका शौचालयको संरक्षण तथा सरसफाइमा एकजुट भएर लाग्नु पर्छ । यसले वातावरण सरसफाइमा सहयोग पुग्छ । विश्व स्वास्थ्य संगठनको भनाइ अनुसार वातावरणीय सरसफाइ भन्नाले एक प्रकारको जीवनपद्धति हो, जसमा सफा घर, सफा छरछिमेक, सफा वातावरण, सफा शौचालय, सफा उद्योग तथा व्यापार, सफा समुदाय बनाएर मानिसले गुणात्मक जीवन बिताइरहेका हुन्छन् (शेरचन, २०६७, पृ. ८३) । वातावरण प्रदुषण हुनबाट जोगाउन शौचालयको पनि उचित व्यवस्थापन हुन आवश्यक देखिन्छ । शौचालय तथा सरसफाइको स्थिति कमजोर भएमा वातावरण दुर्गन्धित भई विभिन्न रोगको सिकार हुनुपर्ने हुन्छ । ‘स्वास्थ्य नै धन हो’ भन्ने नारा अनुसार स्वास्थ्यसँग प्रत्यक्ष जोडिने शौचालय तथा सरसफाइ हाम्रो जीवनमा अति महत्त्वपूर्ण र अनिवार्य छ । यसबारे ज्ञान, सीप, अवधारणाका सम्बन्धमा तथ्यगत स्थितिको पहिचान गरी सेवा प्रदान गर्नु हाम्रो उत्तरदायित्व हो । त्यसैले यहाँ शौचालय तथा सरसफाइको अवस्था पहिचान गर्न *सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था* शीर्षकमा केन्द्रित रहेर यो सर्भे गरिएको छ ।

## १.२ समस्याकथन

शौचालय तथा सरसफाइलाई मानव जीवनकै अभिन्न अङ्गका रूपमा लिइन्छ । यसको अभावमा वातावरण दुर्गन्धित भई विभिन्न रोगहरू फैलिन्छन् । यसले मानव स्वस्थ्यमा गम्भीर असर पुऱ्याउँछ । तसर्थ, शौचालयको अवधारणा बारे तथ्यगत अवस्थाको पहिचान गरी सेवा प्रदान गर्नु आजको आवश्यकता हो । सफाइ प्रवर्द्धनको निरन्तर प्रयासको बाबजुद अझै पनि हाम्रो देशमा थुप्रै मानिसहरू सरसफाइ सुविधाबाट वञ्चित छन् । अशिक्षाका कारण धेरै मानिसहरू खुला ठाँउमा नै दिसापिसाब गर्ने गर्छन् । शौचालय भए पनि त्यसको सरसफाइ नभएकाले टाइफाइड, हैजा जस्ता रोगले मानिस ग्रसित भइरहेका छन् । शौचालय प्रयोगकर्तामुखी नभएका कारण बालबालिका, महिला, अपाङ्गता भएका व्यक्तिहरू अप्ठ्यारामा परिरहेको देखिन्छ । कुनै पनि स्थानमा अवस्थित शौचालयको अध्ययन अनुसन्धान गर्नाले त्यहाँ रहेका समस्या एवम् कमी कमजोरीको पहिचान गरी तिनीहरूको निराकरण गर्न सकिन्छ । यही कारणले यस अध्ययनमा सुकुना क्याम्पसमा अवस्थित शौचालयको अवस्थालाई मूल समस्या बनाई निम्नलिखित शोधप्रश्न निर्माण गरिएको छ :

(क) सुकुना क्याम्पसमा अवस्थित शौचालय तथा सरसफाइको मूलभूत समस्या केके छन् ?

(ख) सुकुना क्याम्पसमा अवस्थित शौचालय प्रयोगकर्तामुखी(बालबालिका, महिला तथा अपाङ्गमैत्री) छन् कि छैनन् ?

## १.३ सर्भेको उद्देश्य

(क) सुकुना क्याम्पसमा अवस्थित शौचालय तथा सरसफाइको मूलभूत समस्याको विश्लेषण गर्नु,

(ख) सुकुना क्याम्पसमा अवस्थित शौचालय प्रयोगकर्तामैत्री भएनभएको अध्ययन गर्नु ।

## १.४ सर्भेसँग सम्बन्धित प्रश्नहरू

(क) सुकुना क्याम्पसको शौचालय तथा सरसफाइको अवस्था केकस्तो रहेको छ ?

(ख) सुकुना क्याम्पसमा अवस्थित शौचालय प्रयोगकर्तामैत्री(महिला तथा अपाङ्गमैत्री) छन् कि छैनन् ?

(ग) सुकुना क्याम्पसमा शौचालयको सङ्ख्या कति रहेको छ ?

(घ) सुकुना क्याम्पसमा विद्यार्थीले प्रयोग गर्ने शौचालय कति छन् ?

(ङ) सुकुना क्याम्पसमा शिक्षक तथा कर्मचारीले प्रयोग गर्ने शौचालय कति छन् ?

(च) सुकुना क्याम्पसमा महिला शिक्षक तथा कर्मचारीले मात्र प्रयोग गर्ने शौचालय कति छन् ?

(छ) सुकुना क्याम्पसमा पुरुष शिक्षक तथा कर्मचारीले मात्र प्रयोग गर्ने शौचालय कति छन् ?

(ज) सुकुना क्याम्पसमा महिला तथा पुरुष शिक्षक र कर्मचारी दुवैले प्रयोग गर्ने शौचालय कति छन् ?

(झ) सुकुना क्याम्पसमा छात्रले मात्र प्रयोग गर्ने शौचालय कति छन् ?

(ञ) सुकुना क्याम्पसमा छात्राले मात्र प्रयोग गर्ने शौचालय कति छन् ?

(ट) सुकुना क्याम्पसमा दिसापिसाब गर्ने शौचालय कति छन् ?

(ठ) सुकुना क्याम्पसमा पिसाब मात्र गर्ने शौचालय कति छन् ?

(ड) सुकुना क्याम्पसमा कम्र्बोड राखिएको शौचालय कति छन् ?

(ढ) सुकुना क्याम्पसमा प्यान राखिएको शौचालय कति छन्

(ण) सुकुना क्याम्पसमा छात्रले दिसापिसाब गर्न सक्ने शौचालय कति छन् ?

(त) सुकुना क्याम्पसमा छात्रले पिसाब मात्र गर्न सक्ने शौचालय कति छन् ?

(थ) सुकुना क्याम्पसमा छात्राले पिसाब मात्र गर्न सक्ने शौचालय कति छन् ?

(द) सुकुना क्याम्पसमा छात्राले दिसापिसाब गर्न सक्ने शौचालय कति छन् ?

(ध) सुकुना क्याम्पसमा विद्यार्थी सङ्ख्या अनुपातमा शौचालयको सङ्ख्या छन् कि छैनन् ?

(न) स्वास्थ्यका दृष्टिले यहाँका शौचालय उपयुक्त छन् कि छैनन् ?

(प) शौचालयमा केकस्तो संशोधन गर्नु आवश्यक छ ?

(फ) शौचालयलाई स्तरीय बनाउन के गर्नु पर्छ ?

(ब) शौचालयलाई प्रयोगकर्तामुखी कसरी बनाउन सकिन्छ ?

(भ) शौचालय सरसफाइका लागि क्याम्पस प्रशासनले केकस्तो कार्य गरेको छ ?

(म) महिला शिक्षक, कर्मचारी तथा छात्राले सहज रूपमा सेनिटेरी प्याड प्राप्त गर्न सकेका छन् कि छैनन् ?

(य) शौचालय तथा सरसफाइको सन्दर्भमा शिक्षक, कर्मचारी तथा विद्यार्थीले प्रशासनको ध्यान आकर्षण गराएका छन् कि छैनन् ?

(र) शौचालयमा पर्याप्त मात्रामा पानी उपलब्ध छ कि छैन ?

(ल) शौचालय महिलामैत्री छन् कि छैनन् ?

(व) शौचालय अपाङ्गमैत्री छन् कि छैनन् ?

## १.५ सर्भेको महत्त्व

(क) यस अध्ययनले प्रयोगकर्तामैत्री शौचालयको आवश्यकता र यसका लागि सुधार गर्नुपर्ने कुराहरूका बारेमा जानकारी प्रदान गर्नेछ ।

(ख) मानव जीवनमा शौचालयको प्रयोगले पुऱ्याउने स्वास्थ्य प्रभावका सम्बन्धमा जानकारी प्रदान गर्नेछ ।

(ग) सम्बन्धित क्षेत्रमा नीति निर्माण गर्न, योजना तर्जुमा गर्न तथा कार्यन्वयन गर्न सहयोग पुग्नेछ ।

(घ) यस अध्ययनबाट अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी तथा यस विषयसँग सरोकार राख्ने जुनसुकै व्यक्तिलाई सहयोग पुग्ने हुँदा यसको विशेष महत्त्व रहनेछ ।

(ङ) यस अध्ययनबाट शौचालय तथा सरसफाइ सम्बन्धी समस्या पहिचान हुने भएकाले त्यसको निराकरण गर्न सहयोग पुग्नेछ ।

(च) आगामी(भावी) दिनहरूमा सम्बन्धित विषयमा खोज, अनुसन्धान गर्न चाहनेहरूले यसलाई सन्दर्भसामग्रीको रूपमा प्रयोग गर्न सक्ने छन् ।

### १.६ सर्भेको सीमाङ्कन

प्रस्तुत अध्ययन सुकुना क्याम्पसमा अवस्थित शौचालय तथा सरसफाइको अवस्थाका बारेमा अध्ययन गर्न मात्र सीमित रहेको छ

### १.७ सर्भेको रूपरेखा

प्रस्तुत सर्भेलाई व्यवस्थित बनाउनका लागि निम्नानुसार संरचना भएको सर्भेको रूपरेखा तयार पारिएको छ :

परिच्छेद एक : परिचय
परिच्छेद दुई : विधि र प्रक्रिया
परिच्छेद तीन : नतिजाको व्याख्या एवम् विश्लेषण तथा प्राप्ति
परिच्छेद चार : सारांश, निष्कर्ष तथा सुझाव

## परिच्छेद दुई

## विधि र प्रक्रिया

### २.१ सर्भेविधि

यस अध्ययनलाई पूरा गर्नका लागि विभिन्न प्रकारका विधिहरूको प्रयोग गर्दै खोज अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ । यसमा खास गरी अध्ययनको ढाँचा, नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्क सङ्कलन प्रक्रिया तथा विश्लेषण जस्ता विषयमा तलका उपशीर्षकमा विवेचना गरिएको छ ।

### २.१.१ सर्भेको ढाँचा

सर्भेलाई तथ्यपरक, स्तरीय र जानकारीमूलक बनाउन निश्चित सर्भे ढाँचा अवलम्बन गर्नुपर्ने हुन्छ । सर्भे ढाँचाको उचित चयन र सही प्रयोगले मात्र सही सूचना प्राप्त गर्न सकिन्छ । यसका लागि गुणात्मक तथा परिमाणात्मक ढाँचा अपनाइएको छ । यस अध्ययनमा सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइमा देखिएका समस्या र तिनको समाधानको उपायहरूको विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ । अध्ययनको उद्देश्य पूरा गर्नका लागि सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तर्वार्ता तथा अवलोकन जस्ता विधिको प्रयोगबाट प्राप्त तथ्याङ्क तथा सूचनालाई व्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ ।

### २.१.२ तथ्याङ्क सङ्कलनका स्रोत

यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्नका लागि दुई प्रकारका स्रोतहरू प्रयोग गरिएको छ ।

#### २.१.२.१ प्राथमिक स्रोत

यस अध्ययनमा अन्तर्वार्ता, व्यक्तिगत भेटघाट, छलफल र अवलोकनलाई प्राथमिक स्रोतको रूपमा प्रयोग गरिएको छ

#### २.१.२.२ द्वितीय स्रोत

शोधपत्र, लेख, रचना, अनुसन्धान प्रतिवेदन, स्वास्थ्य केन्द्र, सरकारी तथा गैरसरकारी संघसंस्थाबाट प्राप्त सूचना एवम् तथ्याङ्कलाई द्वितीय स्रोतका रूपमा लिइएको छ ।

### २.१.३ तथ्याङ्क सङ्कलनका साधनहरू

सुकुना क्याम्पसमा शौचालयको अवस्था पत्ता लगाउन विभिन्न किसिमका प्रश्न निर्माण गरी अन्तर्वार्ता सूची बनाई सोहीको आधारमा आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । नमुना छनौटमा परेका विद्यार्थी, शिक्षक तथा कर्मचारीसँग प्रत्यक्ष भेटघाट गरी अध्ययनको उद्देश्य र महत्त्वबारे जानकारी गराउँदै अन्तर्वार्ता सूचीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### २.१.४ नमुना छनौट विधि तथा प्रक्रिया

यस सर्भेका लागि सोउद्देश्यमूलक नमुना छनौट अन्तर्गत चिठ्ठा विधिको माध्यमबाट ७८ जनालाई नमुनाको आकारका रूपमा छनौट गरिएको छ ।

## २.१.५ तथ्याङ्क सङ्कलन विधि तथा प्रक्रिया

सुकुना क्याम्पसमा शौचालयको अवस्था पत्ता लगाउन विभिन्न किसिमका प्रश्न निर्माण गरी उत्तरदाताकामा स्वयम् अनुसन्धानकर्ता पुगी अवलोकन विधि अपनाई अन्तर्वार्ताका माध्यमबाट आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । नमुना छनौट गर्ने क्रममा ६६ जना विद्यार्थीलाई संकाय र लिङ्गका आधारमा अनि ८ जना शिक्षक र ४ जना कर्मचारीलाई लिङ्गका आधारमा छनौट गरिएको छ । नमुना छनौटमा परेका छात्रछात्रा, शिक्षक तथा कर्मचारीसँग प्रत्यक्ष भेटघाट गरी अध्ययनको उद्देश्य र महत्त्वबारे जानकारी गराउँदै अन्तर्वार्ता सूचीको माध्यम र विभिन्न संघसंस्थाले प्रकाशन गरेका दस्तावेजसमेत प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## २.१.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस सर्भेलाई सफल र उत्कृष्ट बनाउनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतको रूपमा प्रश्नावली तयार गरी विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई सोधिएको छ । यसबाट सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्थाको बारेमा जानकारी प्राप्त गरिएको छ ।

# परिच्छेद तीन

# नतिजाको व्याख्या एवम् विश्लेषण

यस परिच्छेदमा सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था थाहा पाउन सर्वप्रथम स्थलगत अवलोकन गरिएको छ । साथै यहाँ अध्यापनरत शिक्षक, शिक्षिका, अध्ययनरत विद्यार्थी तथा कार्यरत कर्मचारीलाई शौचालय तथा सरसफाइ सम्बन्धी सोधिएका प्रश्न र उनीहरूबाट आएका उत्तरबाट तथ्याङ्क सङ्कलन गरी त्यसको विश्लेषण गरेर शौचालय तथा सरसफाइका बारेमा जानकारी प्रस्तुत गरिएको छ ।

## ३.१.सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था

सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था पत्ता लगाउन स्थलगत सर्वेक्षण तथा विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई सोधिएका प्रश्न र उनीहरूबाट आएको उत्तरका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । ती तथ्याङ्कलाई विभिन्न शीर्षकमा तालिका बनाई तल प्रस्तुत गरेर त्यसको व्याख्या विश्लेषण गरिएको छ ।

### ३.१.१ शौचालयको सङ्ख्या सम्बन्धी विवरण २०७९

सुकुना क्याम्पसमा शौचालयको सङ्ख्या पत्ता लगाउने क्रममा स्टाफ (शिक्षक तथा कर्मचारी)ले मात्र प्रयोग गर्ने शौचालय, विद्यार्थी (छात्र तथा छात्रा)ले प्रयोग गर्ने शौचालयको खोजी गरी त्यसलाई तल प्रस्तुत गरिएको छ ।

तालिका १ : शौचालयको सङ्ख्या सम्बन्धी विवरण २०७९

| क्र.स. | शौचालय भएको स्थान | महिला | | पुरुष | | महिला तथा पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | शिक्षक तथा कर्मचारी | छात्रा | शिक्षक तथा कर्मचारी | छात्र | शिक्षक तथा कर्मचारी | |
| १. | प्रशासनिक भवन | १ | – | ३ | – | १८ | २२ |
| २. | विज्ञान भवन | – | ४ | – | १० | ६ | २० |
| ३. | शिक्षण भवन | – | १४(२ बन्द) | – | ३४ | ३ | ५१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | बि.बि.ए.भवन | – | ३ | – | १० | ३ | १६ |
| ५. | पुस्तकालय | – | – | – | – | ३ | ३ |
| ६. | नयाँ भवन | – | ८ | – | – | – | ८ |
| ७. | चमेनागृह | – | – | – | – | २ | २ |
| | जम्मा | १ | २९ | ३ | ५४ | ३५ | १२२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

स्थलगत सर्वेक्षणबाट सुकुना क्याम्पसमा शौचालयको सङ्ख्या पत्ता लगाई माथिको तालिकामा प्रस्तुत गरिएको छ । जस अनुसार जम्मा शौचालयको सङ्ख्या १२२, त्यसमा महिला शिक्षक तथा कर्मचारीले प्रयोग गर्ने शौचालयको सङ्ख्या १, पुरुष शिक्षक तथा कर्मचारीले प्रयोग गर्ने शौचालयको सङ्ख्या ३, छात्राले प्रयोग गर्ने शौचालयको सङ्ख्या २९, छात्रले प्रयोग गर्ने ५४ र महिला तथा पुरुषले प्रयोग गर्ने शौचालयको सङ्ख्या ३५ रहेको पाइयो ।

३.१.२ विद्यार्थीको सङ्ख्या सम्बन्धी विवरण २०७९

वि.स. २०७९ मा सुकुना क्याम्पसमा अध्ययनरत विद्यार्थीको सङ्ख्या पत्ता लगाउन ट्रेसर स्टडीको सहयोग लिइएको थियो । यसरी पत्ता लगाएको सङ्ख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ : विद्यार्थीको सङ्ख्या सम्बन्धी विवरण २०७९

| क्र.स. | तह | विद्यार्थी सङ्ख्याको विवरण | | जम्मा |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | |
| १. | कक्षा–११ | २०८ | १८० | ३८८ |
| २. | कक्षा–१२ | २११ | १९५ | ४०६ |
| ३. | स्नातक तह | ३३३६ | ४७८७ | ८१२३ |
| ४ | .स्नातकोत्तर | ३८७ | ५६८ | ९५५ |
| | जम्मा | ४३२३ | ५५०९ | ९८७२ |

स्रोत : ट्रेसर स्टडी, २०७९

तालिका दुईमा उल्लेख भएअनुसार कक्षा एघारमा भर्ना भएका विद्यार्थीमध्ये २०८ छात्र र १८० छात्रा गरी जम्मा विद्यार्थीको सङ्ख्या ३८८ रहेको, कक्षा १२ मा २११ छात्र र १९५ छात्रा गरी जम्मा ४०६ रहेको, स्नातक तहमा ३३३६ छात्र र ४७८७ छात्रा गरी जम्मा ८१२३ रहेको, स्नातकोत्तर तहमा ३८७ छात्र र ५६८ छात्रा गरी जम्मा विद्यार्थीको सङ्ख्या ९५५ रहेको र सबै तहमा गरी जम्मा विद्यार्थीको सङ्ख्या ९८७२ रहेको देखिन्छ ।

३.१.३ शिक्षक, कर्मचारी तथा चमेनागृह सञ्चालकको सङ्ख्या सम्बन्धी विवरण २०७९

क्याम्पस अभिलेख र स्थलगत सर्वेक्षणबाट प्राप्त शिक्षक, कर्मचारी तथा चमेनागृह सञ्चालकको सङ्ख्या सम्बन्धी विवरणलाई यसरी प्रस्तुत गरिएको छ ।

तालिका ३ : शिक्षक, कर्मचारी तथा चमेनागृह सञ्चालकको सङ्ख्या सम्बन्धी विवरण २०७९

| क्र.स. | शिक्षक, कर्मचारी तथा चमेनागृह सञ्चालकको विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | शिक्षक | १० | ९० | १०० |
| २. | कर्मचारी | ८ | २० | २८ |
| | चमेनागृह सञ्चालक | ३ | ४ | ७ |
| | जम्मा | २१ | ११४ | १३५ |

स्रोत क्याम्पस अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७९

हाल कार्यरत शिक्षकको सङ्ख्या जम्मा १०० त्यसमा महिला शिक्षकको सङ्ख्या १०, परुष शिक्षकको सङ्ख्या ९०, महिला कर्मचारीको सङ्ख्या ८, पुरुष कर्मचारीको सङ्ख्या २० गरी जम्मा २८ र चमेनागृह सञ्चालकमा महिला ३ जना र पुरुष ४ जना गरी जम्मा ७ सङ्ख्या रहेको देखियो । यसमा शिक्षक, कर्मचारी तथा चमेनागृह सञ्चालक गरी जम्मा १३५ जना रहेको कुरा माथिको तथ्याङ्कबाट पुष्टि भएको देखिन्छ ।

तालिका १, २ र ३ मा प्रस्तुत गरिएको तथ्याङ्कले सुकुना क्याम्पसमा रहेका शौचालय र त्यसलाई प्रयोग गर्ने प्रयोगकर्ताको सङ्ख्यालाई देखाएको छ । प्रस्तुत तथ्याङ्क अनुसार यस क्याम्पसमा छात्रहरूको भन्दा छात्राहरूको सङ्ख्या बढी देखिन्छ । तर शौचालयको सङ्ख्या छात्रहरूको बढी

 [illegible]

देखिएकाले छात्रा शौचालय थप गर्नुपर्ने बुझिन्छ । सुरक्षित स्थानमा लैङ्गिक तथा अपाङ्गमैत्री(२५ छात्रा र ४० छात्रहरूको अनुपातमा) पर्याप्त पानी सहितको शौचालयको सुविधासहित दिसा, पिसाबको उचित निकासको व्यवस्था हुनुपर्छ भन्ने कुरा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ मा उल्लेख गरिएको भए तापनि त्यसप्रकारको सुविधा प्राप्त हुन नसकेको अवस्था माथिको तथ्याङ्कले देखायो ।

३.१.४ सुकुना क्याम्पसमा शौचालयको प्रकृति(बनावट)

सुकुना क्याम्पसमा कस्ता प्रकृतिका शौचालय रहेका छन् भनेर अध्ययन गर्ने क्रममा स्थलगत अवलोकनबाट प्राप्त जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४ :शौचालयको प्रकृति(बनावट) सम्बन्धी विवरण

| क.स. | शौचालयको बनावट सम्बन्धी विवरण | सङ्ख्या | |
|---|---|---|---|
| १. | कच्चा | ० | |
| २. | पक्का | १२२ | |
| ३. | अर्धपक्का | ० | |
| ४. | दिसापिसाब गर्ने | महिला | २४ |
| | | पुरुष | २५ |
| | | महिलापुरुष | २२ |
| ५. | पिसाब मात्र गर्ने | महिला | ६ |
| | | पुरुष | ४५ |
| | | महिलापुरुष | ० |
| ६. | प्यान | | ६४ |
| ७. | कर्म्बोड | ७ | |

स्रोत स्थलगत सर्वेक्षण, २०७९

सुकुना क्याम्पसमा शौचालयको सङ्ख्या जम्मा १२२ रहेको देखिन्छ । तीमध्ये पक्का शौचालय १२२, कच्चा र अर्धकच्चा नरहेको, महिलाले मात्र दिसापिसाब गर्ने २४, पुरुषले मात्र दिसापिसाब गर्ने जम्मा २५, महिलापुरुष दुबैले दिसापिसाब गर्ने जम्मा २२, महिलाले मात्र पिसाब गर्ने ६, पुरुषले पिसाब गर्ने

४५, महिलापुरुष दुबैले पिसाब मात्र गर्ने नभएको देखिन्छ । त्यसैगरी प्यान राखेको शौचालय ६४ र कर्म्बोड राखेको ७ वटा रहेका छन् ।

३.१.५ शौचालय सरसफाइको अवस्था सम्बन्धी विवरण

सुकुना क्याम्पसमा अवस्थित शौचालय सरसफाइको अवस्थाका सन्दर्भमा विद्यार्थी, शिक्षक तथा कर्मचारीसँगको छलफल, अन्तर्वार्ता तथा अन्य सूचनाका आधारमा तयार पारिएको कुरालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या गरिएको छ ।

तालिका ५ : शौचालय सरसफाइको अवस्था सम्बन्धी विवरण

| क्र.स. | शौचालय सरसफाइको अवस्था सम्बन्धी विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ज्यादै सरसफाइ भएको | ० | ० |
| २ | नियमित सरसफाइ भएको | १२ | १५.३ |
| ३ | कहिलेकाहीँ मात्र सरसफाइ भएको | ३० | ३८.४ |
| ४ | ज्यादै फोहोर भएको | ३१ | ३९.७ |
| ५ | सामन्य फोहोर भएको | ५ | ६.४ |
| | जम्मा | ७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

ज्यादै सरसफाइ भएको भन्ने कुरामा कसैको पनि सहमति देखिएन । त्यसैगरी नियमित सरसफाइ भएको भन्नेहरूको सङ्ख्या १२ अर्थात, १५.३ प्रतिशत, कहिलेकाहीँ मात्र सरसफाइ भएको भन्नेको सङ्ख्या ३० अर्थात, ३८.४ प्रतिशत, ज्यादै फोहोर भएको भन्नेको सङ्ख्या ३१ अर्थात, ३९.७

प्रतिशत र सामन्य फोहोर भएको भन्नेको सङ्ख्या ५ अर्थात, ६.४ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा सुकुना क्याम्पसमा शौचालय सरसफाइको अवस्था अत्यन्त कमजोर रहेको देखियो ।

३.१.६ सुकुना क्याम्पसमा अवस्थित शौचालयको भौतिक अवस्था सम्बन्धी विवरण

सुकुना क्याम्पसमा अवस्थित शौचालयको भौतिक अवस्थाका बारेमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूसँगको छलफल, अन्तर्वार्ता तथा अन्य सूचनाका आधारमा तयार पारिएको कुरालाई तलको तालिकामा उल्लेख गरी व्याख्या गरिएको छ ।

तालिका ६ : शौचालयको भौतिक अवस्था

| क्र.स. | शौचालयको भौतिक अवस्थाको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | चुकुल तथा साङ्ली नभत्केको | १० | १२.८ |
| २. | चुकुल तथा साङ्ली भत्केको | १५ | १९.२ |
| ३. | प्वाल नभएको | ११ | १४.१ |
| ४. | प्वाल भएको | ८ | १०.२ |
| ५. | झ्यालढोका नभत्केको | १० | १२.८ |
| ६. | झ्यालढोका भत्केको | १३ | १६.६ |
| ७. | धारा बिग्रेको | ५ | ६.४ |
| ८. | धारा नबिग्रेको | ६ | ७.६ |
| | जम्मा | ७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

शौचालयको भौतिक अवस्थाका विषयमा विद्यार्थी, शिक्षक तथा कर्मचारीले दिएको प्रतिक्रिया अनुसार चुकुल तथा साङ्ली नभत्केको सङ्ख्या १० अर्थात, १२.९ प्रतिशत, चुकुल तथा साङ्ली भत्केको १५ अर्थात, १९.२ प्रतिशत, प्वाल नभएकोको सङ्ख्या ११ अर्थात १४.१ प्रतिशत, प्वाल भएकोको सङ्ख्या ८ अर्थात, १०.२ प्रतिशत, झ्यालढोका नभत्केको सङ्ख्या १० अर्थात, १२.९ प्रतिशत, झ्यालढोका भत्केको सङ्ख्या १३ अर्थात, १६.६ प्रतिशत, धारा बिग्रेकोको सङ्ख्या ५ अर्थात, ६.४ प्रतिशत र धारा नबिग्रेकोको सङ्ख्या ६ अर्थात, ७.६ प्रतिशत रहेको देखिन्छ । माथिको तालिकामा

झ्यालढोका नभत्केको भन्दा भत्केको बढी देखियो । त्यसैगरी चुकुल, साङ्ली पनि भत्केको नै बढी देखिएकाले त्यसप्रति सम्बन्धित निकायको ध्यान जान आवश्यक देखियो ।

३.१.७ सेनिटरी प्याडको उपलब्धता सम्बन्धी विवरण २०७९

सेनिटरी प्याडको उपलब्धताको विषयमा उत्तरदातासँगको छलफल, अन्तर्वार्ता तथा अन्य सूचनाका आधारमा प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या गरिएको ।

तालिका ७ : सेनिटरी प्याडको उपलब्धता २०७९

| क.स. | प्याड उपलब्ध हुने नहुने अवस्थाको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नियमित उपलब्ध हुने | ७ | ८.९ |
| २. | आंशिक उपलब्ध हुने | २५ | ३२.०५ |
| ३. | उपलब्ध नहुने | १४ | १७.९ |
| ४. | प्रयाप्त | ५ | ६.४ |
| ५. | अप्रयाप्त | १४ | १७.९ |
| ६ | उपलब्ध नभएर घर जाने | ७ | ८.९ |
| ६ | उपलब्ध हुने कुरा थाहा नपाउने | ६ | ७.६ |
| | जम्मा | ७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

सेनिटरी प्याड नियमित उपलब्ध हुने भन्नेको सङ्ख्या ७ अर्थात, ८.९ प्रतिशत रहेको, आंशिक उपलब्ध हुने भन्नेको सङ्ख्या २५ अर्थात, ३२.०५ प्रतिशत रहेको, उपलब्ध नहुने भन्नेको सङ्ख्या १४ अर्थात, १७.९ प्रतिशत रहेको, प्रयाप्त भन्नेको सङ्ख्या ५ अर्थात, ६.४ प्रतिशत रहेको, उपलब्ध नभएर घर जाने भन्नेको सङ्ख्या ७ अर्थात, ८.९ प्रतिशत रहेको र क्याम्पसमा नै प्याड उपलब्ध हुन्छ भनेर थाहा नपाउनेको सङ्ख्या ६ अर्थात, ७.६ प्रतिशत रहेको देखियो । माथिको तालिका अनुसार विद्यार्थीले पर्याप्त मात्रामा प्याड उपलब्ध गर्न नसकेको अवस्था देखियो ।

३.१.८ सेनिटरी प्याडको व्यवस्थापन सम्बन्धी विवरण

सेनिटरी प्याडको व्यवस्थापनको विषयमा उत्तरदाताबाट प्राप्त सूचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८ : सेनिटरी प्याडको व्यवस्थापन सम्बन्धी विवरण २०७९

| क.स. | सेनिटरी प्याड व्यवस्थापन सम्बन्धी विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | प्याड फाल्ने भाडो भएको | १० | १३.३ |
| २. | शौचालयमा नै फाल्ने गरेको | १८ | २४ |
| ३. | बाहिर फाल्ने गरेको | १५ | २० |
| ४. | यत्रतत्र फाल्ने गरेको | ७ | ९.३ |
| ५ | सुव्यवस्थित नष्ट गर्ने व्यवस्था भएको | ० | ० |
| ६. | घरमै बोकेर लाने गरेको | २५ | ३३.३ |
| | जम्मा | ७५ | १०० |

सेनिटरी प्याड व्यवस्थापनको सन्दर्भमा भएको छलफलबाट प्राप्त प्रतिक्रिया यस्तो रहेको देखियो । प्याड फाल्ने भाँडो भएको भन्नेको सङ्ख्या १० अर्थात, १३.३ प्रतिशत रहेको, शौचालयमा नै फाल्ने गरेको भन्नेको सङ्ख्या १८ अर्थात, २४ प्रतिशत रहेको, बाहिर फाल्ने भन्नेको सङ्ख्या १५ अर्थात, २० प्रतिशत रहेको, यत्रतत्र फाल्ने गरेको भन्नेको सङ्ख्या ७ अर्थात, ९.३ रहेको, सुव्यवस्थित नष्ट गर्ने व्यवस्था भएको भन्नेको सङ्ख्या शून्य रहेको र घरमै बोकेर लाने गरेको भन्नेको सङ्ख्या २५ अर्थात, ३३.३ रहेको देखियो । समग्रमा भन्नुपर्दा सुकुना क्याम्पसमा सेनिटरी प्याड व्यवस्थापनको अवस्था कमजोर रहेको पाइयो ।

३.१.९ शौचालयमा पानीको व्यवस्था सम्बन्धी विवरण

शौचालयमा पानीको व्यवस्थापनका सन्दर्भमा उत्तरदाताबाट प्राप्त जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९ : शौचालयमा पानीको व्यवस्था सम्बन्धी विवरण

| क.स. | पानीको व्यवस्थापन सम्बन्धी विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नियमित उपलब्ध | ५ | ६.४ |
| २. | आंशिक उपलब्ध | २५ | ३२.०५ |
| ३. | उपलब्ध नहुने | १५ | १९.२ |
| ४ | प्रयाप्त | ५ | ६.४ |
| ५. | अप्रयाप्त | २८ | ३५.८ |
| | जम्मा | ७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

सुकुना क्याम्पसको शौचालयमा पानीको व्यवस्थापनका सन्दर्भमा भएको छलफलबाट प्राप्त सूचना यस्तो रहेको देखियो । पानी नियमित उपलब्ध हुन्छ भन्नेको सङ्ख्या ५ अर्थात, ६.४ प्रतिशत रहेको, आंशिक उपलब्ध हुन्छ भन्नेको सङ्ख्या २५ अर्थात, ३२.०५ प्रतिशत रहेको देखियो, उपलब्ध नहुने भन्नेको सङ्ख्या १५ अर्थात, १९.२ प्रतिशत रहेको, प्रयाप्त हुन्छ भन्नेको सङ्ख्या ५ अर्थात, ६.४ प्रतिशत रहेको र अप्रयाप्त हुन्छ भन्नेको सङ्ख्या २८ अर्थात, ३५.८ प्रतिशत रहेको पाइयो । निष्कर्षमा भन्नुपर्दा शौचालयमा पानीको व्यवस्थापन पक्ष नकरात्मक रहेको पाइयो ।

### ३.१.१० शौचालयमा साबुनको व्यवस्था सम्बन्धी विवरण

सुकुना क्याम्पसको शौचालयमा साबुनको व्यवस्था भएनभएको विषयमा उत्तरदातासँग छलफल गरेर प्राप्त भएको जानकारीलाई तलको तालिकामा उल्लेख गरी विश्लेषण गरिएको छ ।

तालिका १० : शौचालयमा साबुनको व्यवस्था सम्बन्धी विवरण

| क.स. | शौचालयमा साबुनको व्यवस्था सम्बन्धी विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नियमित साबुन उपलब्ध हुने | ० | ० |
| २. | नियमित साबुन उपलब्ध नहुने | ३० | ३८.४ |
| ३. | कहिलेकाहीँ मात्र साबुन उपलब्ध नहुने | ८ | १०.२ |

| | | | |
|---|---|---|---|
| ४. | हुँदा पनि ससानो टुक्रामा उपलब्ध हुने | ९ | ११.५ |
| ५. | साबुन  पर्याप्त उपलब्ध हुने | ० | ० |
| ६. | साबुन पर्याप्त उपलब्ध नहुने | ३१ | ३९.७ |
| | जम्मा | ७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७९

नियमित साबुन उपलब्ध हुने भन्नेको सङ्ख्या शून्य रहेको, नियमित साबुन उपलब्ध नहुने भन्नेको सङ्ख्या ३० अर्थात, ३८.४ प्रतिशत रहेको, कहिलेकाहीं मात्र साबुन उपलब्ध हुने भन्नेको सङ्ख्या ८ अर्थात, १०.२ रहेको, हुँदा पनि ससानो टुक्रामा उपलब्ध हुने भन्नेको सङ्ख्या ९ अर्थात, ११. ५ प्रतिशत रहेको, साबुन पर्याप्त हुने भन्नेको सङ्ख्या शून्य प्रतिशत रहेको र साबुन पर्याप्त नहुने भन्नेको सङ्ख्या ३१ अर्थात, ३९.७ प्रतिशत रहेको देखियो । यो पक्ष पनि कमजोर देखियो ।

३.१.११  शौचालय सरसफाइ गर्ने तरिका सम्बन्धी विवरण

शौचालय सरसफाइ गर्ने तरिकाका विषयमा उत्तरदातासँग छलफल गरी प्राप्त गरेको सूचनालाई तलको तालिकामा उल्लेख गरी विश्लेषण गरिएको छ ।

तालिका ११ : शौचालय सरसफाइ गर्ने तरिका सम्बन्धी विवरण

| क.स. | सरसफाइ गर्ने तरिका सम्बन्धी विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पानीको मात्र प्रयोग गर्ने | ३५ | ४६.६ |
| २. | फिनेलको पनि प्रयोग गर्ने | २५ | ३३.३ |
| ३. | हारपिक्सको प्रयोग गर्ने | १५ | २० |
| ४. | एसिड प्रयोग गर्ने | ० | ० |
| | जम्मा | ७५ | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७९

शौचालय सरसफाइ गर्ने तरिकाका सन्दर्भमा उत्तरदाताबाट प्राप्त भएको जानकारी यस्तो रहेको देखियो । पानीको मात्र प्रयोग गर्ने भन्नेको सङ्ख्या ३५ अर्थात, ४६.६ प्रतिशत रहेको, फिनेलको पनि

प्रयोग गर्ने भन्नेको सङ्खया २५ अर्थात, ३३.३ प्रतिशत रहेको, हारपिक्सको प्रयोग गर्ने भन्नेको सङ्ख्या १५ अर्थात, २० प्रतिशत रहेको र एसिड प्रयोग गर्ने भन्नेको सङ्ख्या शून्य रहेको देखियो ।

३.१.१२ क्याम्पस प्रशासनको ध्यानाकर्षण सम्बन्धी विवरण

शौचालय सरसफाइको विषयमा क्याम्पस प्रशासनको ध्यानाकर्षण गरिएको नगरिएको विषयमा उत्तरदातासँगको छलफलपछि प्राप्त सूचनालाई तलको तालिकामा उल्लेख गरी विश्लेषण गरिएको छ ।

तालिका १२ : क्याम्पस प्रशासनको ध्यानाकर्षण सम्बन्धी विवरण

| क.स. | ध्यानाकर्षण सम्बन्धी विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मौखिक ध्यानाकर्षण गराइएको | १९ | २४ |
| २. | मागपत्र तथा निवेदन दिइएको | ० | ० |
| ३. | भेटेर भनेको | २६ | ३३.३ |
| ४. | सुनुवाइ नभएको | २५ | ३२.०५ |
| ५. | आंशिक सुनुवाइ भएको | ८ | १०.२ |
| | जम्मा | ७८ | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७९

शौचालय सरसफाइका सम्बन्धमा क्याम्पस प्रशासनलाई मौखिक ध्यान आकर्षण गराइएको भन्नेको सङ्ख्या १९ अर्थात, २४ प्रतिशत रहेको, मागपत्र तथा निवेदन दिइएको भन्नेको सङ्ख्या शून्य रहेको, भेटेर भनेको भन्नेको सङ्ख्या २६ अर्थात, ३३.३ प्रतिशत रहेको, सुनुवाइ नभएको भन्नेको सङ्ख्या २५ अर्थात, ३२.०५ रहेको र आंशिक सुनुवाइ भएको भन्नेको सङ्ख्या ८ अर्थात, १०.२ प्रतिशत रहेको देखियो ।

३.१.१३ प्रयोगकर्ताबाट हुने लापर्बाही सम्बन्धी विवरण

प्रयोगकर्ताबाट हुने लापर्बाहीका कारण शौचालय फोहोर हुने नहुने विषयमा उनीहरूसँगै छलफल गरी प्राप्त भएको कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १३ : प्रयोगकर्ताबाट हुने लापर्बाही सम्बन्धी विवरण

| क.स. | प्रयोगकर्ताबाट हुने लापर्बाहीको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गुट्का तथा चुरोट खाएर खोल फाल्ने | १६ | २०.५ |
| २ | गुट्का खाएर थुक्ने | १५ | १९.२ |
| ३ | दिसा गरेर पानी नहाल्ने | ११ | १४.१ |
| ४ | कागज च्यातेर फाल्ने | १८ | २३.०७ |
| ५ | प्यानमा ठोस पदार्थ खाँद्ने | ३ | ३.८ |
| ६ | भित्ताभरि अश्लील शब्द लेख्ने | ३ | ३.८ |
| ७ | झ्यालढोका फोड्ने | २ | २.५ |
| ८ | धाराका टुटी भाँच्ने | ५ | ६.४ |
| ९ | साङ्ली तथा चुकुल भत्काउने | ५ | ६.४ |
| | जम्मा | ७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

प्रयोगकर्ताबाट हुने लापर्बाहीका कारण शौचालय फोहोर हुने नहुने विषयमा उनीहरूसँगै छलफल गरी प्राप्त भएको कुरा यस्तो रहेको पाइयो । गुट्का तथा चुरोट खाएर खोल फाल्नेको सङ्ख्या १६ अर्थात, २०.५ रहेको, गुट्का खाएर थुक्नेको सङ्ख्या १५ अर्थात, १९.२ प्रतिशत रहेको, दिसा गरेर पानी नहाल्नेको सङ्ख्या ११ अर्थात, १४.१ रहेको, कागज च्यातेर फाल्नेको सङ्ख्या १८ अर्थात, २३.०७ रहेको, प्यानमा ठोस पदार्थ खाँद्नेको सङ्ख्या ३ अर्थात, ३.८ प्रतिशत रहेको, भित्ताभरि अश्लील शब्द लेख्नेको सङ्ख्या ३ अथाृत, ३.८ प्रतशत रहेको, झ्यालढोका फोड्नेको सङ्ख्या २ अर्थात, २.५ प्रतिशत रहेको, धाराको टुटी भाँच्नेको सङ्ख्या ५ अर्थात, ६.४ प्रतिशत रहेको र साङ्ली तथा चुकुल भत्काउनेको

सङ्ख्या ५ अर्थात, ६.४ प्रतिशत रहेको देखियो । शौचालयको भौतिक पक्ष कमजोर हुनु अनि फोहोर हुनुको कारण प्रयोगकर्ताको चरम लापर्बाही देखियो ।

३.१.१४ प्रयोगकर्तामैत्री(अपाङ्ग र महिलामैत्री) शौचालय सम्बन्धी विवरण

प्रयोगकर्तामैत्री(अपाङ्ग, बालबालिका तथा महिलामैत्री) शौचालयका सम्बन्धमा सूचकबाट प्राप्त सूचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४ : प्रयोगकर्तामैत्री(अपाङ्ग, बालबालिका तथा महिलामैत्री) शौचालय सम्बन्धी विवरण

| क. स. | प्रयोगकर्तामैत्री शौचालयको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयोगकर्तामैत्री शौचालय भएको | ८ | १०.२ |
| २ | प्रयोगकर्तामैत्री शौचालय नभएको | ३० | ३८.४ |
| ३ | प्रयोगकर्तामैत्री शौचालय कम भएको | ४० | ५१.२ |
| | जम्मा | ७८ | १०० |

सुकुना क्याम्पसमा प्रयोगकर्तामैत्री शौचालय भएको भन्नेको सङ्ख्या ८ अर्थात, १०.२ प्रतिशत रहेको, नभएको भन्नेको सङ्ख्या ३० अर्थात, ३९.४ प्रतिशत रहेको र कम भएको भन्नेको सङ्ख्या ४० अर्थात, ५१.२ प्रतिशत रहेको देखिन्छ । निष्कर्षमा भन्दा प्रयोगकर्तामैत्री शौचालय भएको तर पर्याप्त नभएको देखियो ।

३.१.१५ शौचालय तथा सरसफाइको सुधारका लागि आएका सुझाव

शौचालय सरसफाइका सम्बन्धमा प्रयोगकर्ताबाट प्राप्त सुझावलाई तलको तालिकामा उल्लेख गरी त्यसको व्याख्या विश्लेषण गरिएको छ ।

तालिका १५ : शौचालय तथा सरसफाइको सुधारका लागि आएका सुझाव

| क्र. स. | शौचालय सुधार्ने सुझावको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शौचालय सरसफाइ अनुगमन समिति बनाउनुपर्ने | १३ | १६.६ |
| २ | शौचालय सम्बन्धी गुनासो गर्ने व्यवस्था हुनुपर्ने | १४ | १७.९ |
| ३ | शौचालयका लागि छुट्टै कर्मचारीको व्यवस्था हुनु पर्ने | १७ | २१.७ |
| ४ | शौचालय सरसफाइका लागि करारमा दिनु पर्ने | १९ | २४.३ |
| ५ | नियमित सरसफाइ गर्ने मानिसको व्यवस्था हुनु पर्ने | १५ | १९.२ |
| | जम्मा | ७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

शौचालय सरसफाइका सम्बन्धमा प्रयोगकर्ताबाट प्राप्त सुझावको अवस्था यस्तो रहेको छ। शौचालय सरसफाइ अनुगमन समिति बनाएर शौचालय तथा सरसफाइको अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने धारणा व्यक्त गर्ने उत्तरदाताको सङ्ख्या १३ जना अर्थात, १६.६ प्रतिशत रहेको, शौचालय सम्बन्धी गुनासो गर्ने व्यवस्था हुनुपर्ने भन्नेको सङ्ख्या १४ अर्थात, १७.९ रहेको, शौचालयका लागि छुट्टै कर्मचारीको व्यवस्था हुनु पर्ने भन्नेको सङ्ख्या १७ अर्थात, २१.२ प्रतिशत रहेको, शौचालय सरसफाइका लागि करारमा दिनु पर्ने भन्नेको सङ्ख्या १९ अर्थात, २४.३ प्रतिशत रहेको र नियमित सरसफाइ गर्ने मानिसको व्यवस्था हुनु पर्ने भन्नेको सङ्ख्या १५ अर्थात, १९.२ प्रतिशत रहेको पाइयो। यीमध्ये शौचालय सरसफाइका लागि करारमा दिनु पर्ने भन्नेमा सबैभन्दा बढी सङ्ख्या १९ अर्थात, २४.३ प्रतिशत रहेको देखियो।

## ३.२ प्राप्ति

यस अध्ययनको मुख्य प्राप्तिलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

१. माथिका तालिकामा प्रस्तुत भएका तथ्याङ्क अनुसार सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था कमजोर रहेको पाइयो।

२. सम्बन्धित निकायले निगरानी नगरेका कारण शौचालय फोहोर भएका तथा त्यसको मर्मतसंहार हुन नसकेको तथ्य फेला परेका छन्।

३. पर्याप्त पानी उपलब्ध नभएर दुर्गन्ध फैलिएको, छात्रालाई आवश्यक पर्ने प्याड पर्याप्त नभएर बिचमा कक्षा छोडेर घर जानुपरेको, महिला तथा पुरुष शिक्षक र कर्मचारीको बेग्लाबेग्लै शौचालय नभएका कारण पटकपटक समस्यामा पर्नु परेको देखियो ।

४. विद्यार्थीलाई कति छात्रछात्राको सङ्ख्या बराबर एउटा शौचालय हुनुपर्छ भन्ने कुराको ज्ञान नभएको, महिला तथा अपाङ्गमैत्री शौचालय पनि पर्याप्त नभएको, कतिपय छात्रालाई त क्याम्पसमा प्याड उपलब्ध छ भन्ने कुरा पनि थाहा नभएको देखियो ।

५. पानपराग, गुड्का तथा खैनी खाएर शौचालयका भित्ताभरि थुकेको, मधु, चुरोट, खैनी खाएर खोल फालेको अर्थात, प्रयोगकर्ता कै लापर्बाहीले शौचालय अव्यवस्थित भएको पाइयो ।

६.शौचालयमा युरिनल तथा ढोकाका चुकुल भत्केकाले शौचालय जान समस्या भएको तथ्य प्राप्त भएको छ ।

७. शौचालयको प्रयोगपछि पर्याप्त पानी नभएकाले पानीले सफा गर्न नसकेको, पानी भए पनि पानी हाल्ने बानी नभएकाले शौचालय फोहोर भएको पाइयो ।

८. कतिपय अवस्थामा त विद्यार्थीले मात्र होइन शिक्षक तथा कर्मचारीले पनि शौचालय प्रयोग गरेपछि पानी नहालेको, मधु, गुट्का, खैनी खाएर जताततै थुकेर दुर्गन्ध फैलाएको तथ्य भेटियो ।

९.शौचालय तथा सरसफाइका सम्बन्धमा पटकपटक विद्यार्थी तथा शिक्षकले सम्बन्धित निकायको ध्यान आकर्षित गरे तापनि त्यसलाई बेवास्ता गरेका कारण शौचालय जीर्ण हुँदै गएका र त्यसको मारमा प्रयोगकर्ता परेको देखियो ।

१०. छात्र तथा छात्रा शौचालयमा साबुनको व्यवस्था नभएको भेटियो ।

११. शौचालय सरसफाइका लागि अनुगमन समिति बनाउनु पर्ने, शौचालय तथा सरसफाइ सम्बन्धी गुनासो गर्ने व्यवस्था हुनुपर्ने धाराणा पनि प्राप्त भयो ।

१२. शौचालय सरसफाइका लागि छुट्टै कर्मचारी व्यवस्था गरिनुपर्नेमा भन्दा करारमा दिनुपर्नेमा मत बढी देखियो ।

१३. शौचालय सरसफाइका लागि क्याम्पस प्रशासनमा कुनै लिखित निवेदन नपरेको तर मौखिक रूपमा सम्बन्धित पक्षको ध्यानाकर्षण गरिए तापनि सुनुवाइ नभएको पाइयो ।

# परिच्छेद चार

# सारांस, निष्कर्ष तथा सुझावहरू

## ४.१ सारांश

*सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था* शीर्षकको सर्वेलाई जम्मा चार परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद एकमा परिचय अन्तर्गत विषयपरिचय, समस्याकथन, सर्वेको उद्देश्य, अनुसन्धानात्मक प्रश्नहरू, सर्वेको महत्त्व तथा सर्वेको सीमाङ्कन प्रस्तुत गरिएको छ ।

यस सर्वेको परिच्छेद दुईमा *विधि र प्रक्रिया* शीर्षक प्रस्तुत गरिएको छ । यसमा सर्वेविधि, सर्वेको ढाँचा, तथ्याङ्क सङ्कलनका स्रोत, तथ्याङ्क सङ्कलनका साधन, नमुना छनौट विधि तथा प्रक्रिया, तथ्याङ्क सङ्कलन विधि तथा प्रक्रिया, तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया प्रस्तुत गरिएको छ ।

यस सर्वेको परिच्छेद तीनमा नतिजाको व्याख्या एवम् विश्लेषण शीर्षक प्रस्तुत गरिएको छ । यसमा सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्थाको पहिचान गर्न विद्यार्थी, शिक्षक तथा कर्मचारीसँग प्रत्यक्ष भेटघाट, उनीहरूसँग गरिएको अन्तर्वार्ता तथा प्रश्नावली तयार गरी सोधिएको र उनीहरूबाट आएको उत्तरलाई विभिन्न शीर्षकमा तालिका बनाई प्रस्तुत गरिएको छ । साथै यसकै आधारमा निकालिएको प्राप्तिलाई पनि समावेश गरिएको छ ।

सर्वेको परिच्छेद चारमा सारांस, निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ ।

## ४.२ निष्कर्ष

*सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था* शीर्षकमा गरिएको यो अध्ययन मूलत : सुकुना क्याम्पसभित्रका शौचालय तथा सरसफाइसँग सम्बन्धित छ । सर्वेका क्रममा छनोटमा परेका विद्यार्थी, शिक्षक तथा कर्मचारीसँगको प्रत्यक्ष भेटघाट, उनीहरूसँगको कुराकानी, अन्तर्वार्ता तथा सोधिएका प्रश्न र उनीहरूबाट आएका उत्तरलाई अध्ययन गर्दा सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था अत्यन्त नाजुक भएको निष्कर्ष प्राप्त भएको छ । सम्बन्धित निकायले नियमन नगरेका कारण शौचालय फोहोर भएका, त्यसको उचित व्यवस्थापन हुन नसकेको तथ्य फेला परेका छन् । शौचालयमा साबुन तथा प्रयाप्त मात्रामा पानी उपलब्ध नभएर दुर्गन्ध फैलिएको, छात्रालाई आवश्यक पर्ने प्याड प्रयाप्त नभएर बिचमा कक्षा छोडेर घर जानुपरेको अवस्था देखिएको छ । महिला तथा पुरुष शिक्षक र कर्मचारीको बेग्लाबेग्लै शौचालय नभएका कारण उनीहरू समस्यामा पर्नु परेको अवस्था देखिन्छ । महिला तथा अपाङ्गमैत्री शौचालय पनि नभएको, पानपराग, गुड्का, मधु खाएर शौचालयका भित्ताभरि थुकेको, छात्र शौचालयमा युरिनल तथा ढोकाका चुकुल भत्केकाले शौचालय प्रयोगकर्ता मारमा परेका देखिन्छन् । शौचालयको प्रयोगपछि प्रयाप्त पानी नभएकाले पानीले सफा गर्न

नसकेको, पानी भए पनि पानी हाल्ने बानी नभएकाले शौचालय फोहोर भएको पाइयो । कतिपय अवस्थामा त विद्यार्थीले मात्र होइन, शिक्षक तथा कर्मचारीले पनि शौचालय प्रयोग गरेपछि पानी नहालेको, मधु, गुट्का तथा खैनी  खाएर जताततै थुकेर दुर्गन्ध फैलाएकाले अन्यलाई समस्या भएको देखियो । प्रयोगकर्ताको लापर्बाहीका कारणले पनि शौचालयको अवस्था नाजुक भएको पाइयो । उनीहरूले नै भित्ताभरि अश्लिल शब्द लेख्ने गरेको, ढोका तथा झ्यालका चुकुल भत्काउने गरेको साथै धारका टुटी भाँच्ने गरेको पनि पाइयो । बि.बि.ए.तर्फका शौचालय भने अन्यका तुलनामा सफा र व्यवस्थित रहेको पाइयो । शौचालय तथा सरसफाइका सम्बन्धमा पटकपटक सम्बन्धित निकायको ध्यान आकर्षित गरे तापनि त्यसलाई बेवास्ता गरेका कारण शौचालय जीर्ण हुँदै गएका र त्यसको मारमा शिक्षक, विद्यार्थी तथा कर्मचारी परेको निष्कर्ष प्राप्त भएको छ ।

## ४.३ सुधारका लागि सुझावहरू

सर्वेका क्रममा अध्ययन क्षेत्रसँग सम्बन्धित सरोकारवालासँग गरिएको अन्तर्वार्ता, छलफल एवम् प्रश्नावलीको माध्यमबाट प्राप्त भएको निष्कर्षको आधारमा शौचालय तथा सरसफाइसँग सम्बन्धित समस्या निराकरण गर्न आवश्यक सुझावहरू तल प्रस्तुत गरिएको छ ।

(क) क्याम्पसमा शौचालय तथा सरसफाइमा देखिएका समस्या समाधान गर्न व्यवस्थापन पक्ष सक्रिय हुनुपर्ने,

(ख) विद्यार्थी, शिक्षक तथा कर्मचारीले दिएको सुझावहरू कार्यन्वयन गरिनुपर्ने,

(ग) वेलावेला शौचालय तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने,

(घ) प्रायोगकर्ता स्वयम्ले शौचालयको सरसफाइमा ध्यान दिनुपर्ने,

(ङ) पानपराग तथा गुड्का खाएर भित्ताभरि फोहोर गर्नेलाई दण्ड र सफा गर्नेलाई पुरस्कारको व्यवस्था गरिनुपर्ने,

(च) वेलावेला शौचालयको निरीक्षण गरी आवश्यक सल्लाह, सुझाव दिनुपर्ने,

(छ) प्रयोगकर्तामैत्री (महिला तथा अपाङ्गमैत्री) शौचालयको व्यवस्था गरिनुपर्ने,

(ज) विद्यार्थी, शिक्षक तथा कर्मचारीको चापलाई मध्यनजर गरेर शौचालयको सङ्ख्या थप गरिनुपर्ने,

(झ) शिक्षक तथा कर्मचारीहरूका लागि पनि छुट्टाछुट्टै महिला र पुरुषको शौचालय निर्माण गरिनुपर्ने,

(ञ) शौचालयमा पानीको प्रयाप्त व्यवस्था गरिनुपर्ने,

(ट) शौचालयमा साबुनको व्यवस्था प्रयाप्त गरिनुपर्ने,

(ठ) शौचालयमा लागेका दाग हटाउन एसिडको प्रयोग गरिनुपर्ने,

(ड) शौचालयमा फोहोर फाल्ने भाँडोको व्यवस्था प्रयाप्त मात्रामा हुनुपर्ने,

(ढ) महिला तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था प्रयाप्त हुनुपर्ने,

## सन्दर्भ सामग्री सूची


नेपाल सरकार, खानेपानी मन्त्रालय (२०७४). *विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि,* काठमाडौं ।

नेपाल सरकार, खानेपानी मन्त्रालय (२०७६). *नेपाल खुल्ला दिसामुक्त राष्ट्र घोषणा.* काठमाडौं ।

पोखेल, शारदा (२०७७). *मातृशिशु स्वास्थ्यको* अवस्था.अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध.सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

बुढाथोकी, चित्रबहादुर र वाग्ले, विष्णुप्रसाद (२०७०). *सामुदायिक स्वास्थ्य तथा सङ्गठन* (दोस्रो संस्क.). काठमाडौं : पिनाकल पब्लिकेसन प्रा. लि. ।

शेरचन, लोकेन्द्र (२०६७). *आधारभूत स्वास्थ्य विज्ञान.* काठमाडौं : क्वेष्ट प्रकाशन ।

सुकुना ब. क्याम्पस (२०७५). *परिचयात्मक विवरण पुस्तिका* .मोरङ ।

.                .                अनुसूची

सर्वे प्रश्नावली

नाम :                कक्षा/पद :                लिङ्ग                संस्था

सबै सहभागीहरूमा नमस्कार

यो सर्वेक्षण प्रश्नावली *सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको* अवस्था शीर्षकको अनुसन्धान कार्य पूरा गर्नका लागि तयार गरिएको हो । यसको उद्देश्य सुकुना क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्थाका बारेमा पहिचान गर्नु हो । सर्वेक्षण प्रश्नावली अनुसार आवश्यक जानकारी प्रदान गर्न म तपाईंलाई अनुरोध गर्दछु । तपाईंका विचारको उच्च सम्मान गर्दै म यहाँको नाम र उत्तर पूर्ण रूपमा गोप्य राख्ने प्रतिबद्धता जाहेर गर्दछु । तपाईंले प्रदान गर्नुभएको जानकारी अनुसन्धान पूरा गर्ने उद्देश्यका लागि मात्र प्रयोग गरिने पनि विश्वास दिलाउँछु ।

अनुसन्धानकर्ता

उमादेवी गुरागाईं

उपप्राध्यापक, सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैंचा १२(मोरङ)

शौचालय तथा सरसफाइ सम्बन्धी प्रश्न

१. तपाईंको क्याम्पसमा शौचालय तथा सरसफाइको अवस्था कस्तो छ ?

.....................................................................................................

२. शौचालय तथा सरसफाइमा देखिएका समस्याका बारेमा तपाईंले प्रशासनमा कसरी जानकारी गराउनु भएको छ ?

(क) मागपत्र तथा निवेदन दिएर (ख) मौखिक रूपमा भनेर

३. तपाईंको क्याम्पसमा प्रयोगकर्तामैत्री(महिला तथा अपाङ्गमैत्री) शौचालय कति छन् ?

(क) धेरै        (ख) थोरै     (ग) पुग्नेगरी        (घ) अपुग       (ङ) छैनन्

४. तपाईंको क्याम्पसमा प्रयाप्त मात्रामा शौचालय उपलब्ध छ ?

 उमादेवी गुरागाईं

(क) छ (ख) छैन

५. यदि छैन भने किन छैन ?

............................................................................................................................

६. कति छात्र तथा छात्राको सङ्ख्या बराबर एउटा शौचालय हुनुपर्छ तपाईंलाई थाहा छ ?

(क) छ (ख) छैन

७. शौचालय सुधारका लागि के गर्नुपर्छ ?

---

८. शौचालय तथा सरसफाइको अवस्थालाई व्यवस्थि गर्न को बढी जिम्मेवार हुनुपर्छ ?

(क) क्याम्पस प्रशासन (ख) प्रयोगकर्ता

९ .शौचालय तथा सरसफाइको अवस्थामा सुधार गर्न क्याम्पस प्रशासनले के के गर्नुपर्छ ?

(क)

(ख)

(ग)

(घ(

१० शौचालयलाई प्रयोगकर्ताले कसरी फोहोर पारेका हुन्छन् ?

(क)

(ख)

(ग)

(घ)

११. शौचालयलाई सफा र स्वच्छ बनाउन प्रयोगकर्ताले केके गर्नुपर्छ ?

(क)

(ख)

(ग)

(घ)

१२. कुन कुन सामग्री प्रयोग गर्दा शौचालय सफा हुन्छ ?

(क)

(ख)

(ग)

(घ)

१३ शौचालय प्रयोगकर्ताबाट हुने लापर्बाही रोक्न के गर्नुपर्छ ?

(क)

(ख)

(ग)

(घ)

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

